- प्रमुख अतिथि अर्थसचिव डा. घनश्याम उपाध्याय ज्यू

- नेपाल बीमा प्राधिकरणका अध्यक्ष जनकराज शर्मा

- नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक शुसिलदेव सुवेदी

- चूडामणी चापागाईँ, सीईओ, नेपाल स्टक एक्सचेञ्ज

- नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल

- नेपाल उद्योग परिसंघका अध्यक्ष बिरेन्द्रराज पाण्डे

- नारायणबाबु लोहनी, सीईओ, रिलायबल लाईफ इन्स्योरेन्स

- पोषकराज पौड्याल, नेपाल जीवन बीमक संघका निवर्तमान अध्यक्ष तथा सिटिजन्स लाईफका सीईओ

- नेपाल बीमा प्राधिकरणका निर्देशकज्यूहरु

- बीमा कम्पनीका सीईओ तथा डिसीईओहरु

- शनिसा भट्टराई, फेस अफ इन्स्योरेन्स

& Ian Lim from Singapore

बीमा अपरिहार्य छ, यही विषय बुझाउनका लागि हामिले बैंकिङ्ग समाचार र न्यूज अफ इन्स्योरेन्समार्फत संयुक्तरुपमा सन् २०२३ देखि

प्रत्येक वर्ष राष्ट्रिय स्तरको इन्स्योरेन्स डिस्कोर्श आयोजना गर्दै आइरहेका छौं । यसैको तेस्रो संस्करणकारुपमा आज हामि यहाँ जम्मा भइरहेका छौं ।

सन् २०२३ मा पहिलो पटक इन्स्योरेन्स डिस्कोर्श सुरु गर्दैगर्दा हामि एक्लै थियौं । तर, आज नेपाल सरकारको अर्थमन्त्रालय, योजना आयोग, नेपाल बीमा प्राधिकरण, बजारका सबैजसो इन्स्योरेन्स कम्पनीहरु बीमा क्षेत्रको विकास र प्रबर्द्धन गर्न हातेमालो गर्दै एकसाथ छौं । हामिले यो मञ्चमा गरेको गहन र वृहद् छलफल र विमर्श बमोजिम सरकारले बनाइरहेको बजेट, नीति र ऐन तथा कानूनमा समेटिएका नीतिगत व्यवस्थाले समेत यसलाई पुष्टी गर्छ ।

किनकी, गत वर्षको डिस्कोर्शमा भएको छलफलअनुसार र अर्थमन्त्रालयमा बुझाइएको प्रतिवेदनअनुसार चालू आर्थिक वर्षको बजेटमा निवर्तमान उपप्रधान एवं अर्थमन्त्री विष्णु पौडेले संसदमा भाषण गरेको बजेट भाषणमा सरकारी भौतिक सम्पत्तीको बीमा गर्ने उद्घोष छ । यहाँ सचिवज्यू समेत हुनुहुन्छ । यो व्यवस्थाका लागि यहाँलाई पनि विशेष धन्यवाद । यस्तै, पहिलो डिस्कोर्शमा गरिएको नेपालका बीमा कम्पनीहरुलाई विदेशमा शाखा खोल्न अनुमति दिनुपर्छ भन्ने छलफलअनुसार बीमा प्राधिकरणले ५ वटा कम्पनीलाई अनुमति दिइसकेको छ ।

यसले यसखालको राष्ट्रियस्तरको कार्यक्रम आयोजनामा मात्रै सिमित छैन, यसले नीति निर्माणमा नै गहिरो प्रभाव छाडिरहेको देखाउँछ । यसले देशको बीमा क्षेत्रलाई सकरात्मक दिशामा लैजानका लागि आवश्यक पर्ने नीति निर्माणमा नै रचनात्मक भूमिका खेल्न पाउँदा गौरान्वित महसुस भइरहेको छ । यहीकारण, आगामी वर्षहरुमा पनि इन्स्योरेन्स डिस्कोर्शलाई निरन्तरता दिँदै नीति निर्माणमा गहिरो प्रभाव र विचार तथा विमर्शको थलो बनाउने हाम्रो लक्ष्य कायमै छ । जसका लागि तपाई सम्पूर्णको साथ र सहयोगको अपेक्षा सँधैझै कायमै रहन्छ ।

प्रमुख अतिथिज्यू आजको यो डिस्कोर्शमा विभिन्न ४ वटा सत्रगत छलफलहरु र एउटा विशेष डुओलग गर्नेछौं । जसबाट निस्केका छलफलहरुको निचोड र निष्कर्ष विगतमा झै अर्थमन्त्रालय र बीमा प्राधिकरणमा बुझाइने नै छ । जुन, बीमा क्षेत्रको गहिरो रिसर्चपेपर र नीति निर्माणका ब्याकबोनकारुपमा काम लाग्न सक्नेछन् । यसबाहेक, यो प्रतिवेदन अर्थमन्त्रीज्यूलाई समेत लगेर बुझाइनेछ । जसले आगामी बजेट निर्माणका क्रममा बीमा क्षेत्रलाई प्राथमिक्तामा राख्नुपर्ने मूख्य बुधाहरु प्रष्ट बनाउने नै छ ।

यस्तै, यही डिस्कोर्शका लागि भनेर सिंगापुरको लेक्सास्योर फाइनान्सिय ग्रुपबाट नेपालसम्म पालनु भएका इआन लिमले अन्तर्राष्ट्रियरुपमा भइरहेको बीमामा एआई, अन्डरराइटिङ र अन्तर्राष्ट्रिय अभ्यासकारुपमा प्रष्ट्याउनु हुनेछ ।

“To grace this Insurance Discourse, we are privileged to welcome our special guest from Singapore, Mr. Ian Lim, Founder and Chief Executive Officer of Lexasure Financial Group. On behalf of the organizers and all participants, I extend a warm and sincere welcome to him in Kathmandu and to this distinguished forum.”

His presence among us reflects the growing international engagement of Nepal’s insurance sector and provides a valuable opportunity to exchange global best practices, innovative ideas, and forward-looking perspectives. We are confident that his insights and experiences will significantly enrich today’s discussions and contribute meaningfully to shaping the future direction of insurance and financial services in Nepal.”

जसले हामिलाई पनि सिक्न र सोहीअनुरुप आफ्ना नीति तथा नियमहरुलाई अपग्रेड गर्न महत्वपूर्ण भूमिका खेल्नेछ। यहीकारण, आज पाल्नुभएका सम्पूर्ण अतिथिहरुलाई आजको दिनभर देशको बीमा क्षेत्रको भावि कार्यदिशा कोर्ने लक्ष्यसहित आयोजित यो कार्यक्रममा सक्रियतापूर्वक सहभागिता जनाइदिनुहुनेछ भन्ने अपेक्षा छ ।

यस्तै, यसपटक हामिले इन्स्योरेन्स डिस्कोर्शलाई थप व्यापक र प्रभावकारी तथा सहभागितामूलक बनाउँदै बीमाको चेतना थप फैलाउनका लागि ‘फेस अफ इन्स्योरेन्स डिस्कोर्श’कारुपमा शनिसा भट्टराई ज्यूसँग सहकार्यको सुरुवात गरेका छौं ।

साथै, आज यही मञ्चबाट म उद्घोष गर्न चाहन्छु, बैंकिङ्ग समाचार र न्यूज अफ इन्स्योरेन्स देशमामात्रै सिमित छैन । यही वर्ष सन् २०२६ को मार्च अन्तिममा हामि नेपालको भूगोलभन्दा पर अर्थात संयुक्त अरब इमिरेट्स (यूएई)को दुबईमा पहिलो पटक 'बैंकिङ्ग फिनटेक एण्ड रेमिट्यान्स डिस्कोर्श' आयोजना गर्न लागेका छौं । सो कार्यक्रममा हामि विदेशबाट रेमिट्यान्स पठाउने व्यक्तीहरुलाई बीमा बजारसँग कसरी जोड्न सकिन्छ भनेर नयाँ आयाम खोज्नेछौं ।

करिब १० लाख नेपाली बस्ने यूएईको बजारमा नेपाली बीमा कम्पनीलाई कसरी जोड्न सकिन्छ भन्ने विषय समेत हामि छलफल गर्दैछौं । उक्त कार्यक्रममा नेपालका बीमा कम्पनीहरुलाई यँहीबाट सहभागिताका लागि निम्ता समेत दिन चाहन्छु । जसले नेपालको बीमा कम्पनीलाई अन्तर्राष्ट्रिय जगतमा रहेका नेपालीको पहुँचमा पुर्याउनेछ ।

आजको यो कार्यक्रम आयोजनाका लागि नेपाल बीमा प्राधिकरणलाई विशेष धन्यवाद साथै प्राधिकरणका कार्यकारी निर्देशक शुसिलदेव सुवेदी लगायत वक्ताकारुपमा प्रत्यके सत्रमा उपस्थिती बीमा प्राधिकरणका निर्देशकज्यूहरु, कार्यक्रममा सहभागिता जनाउनु भएको प्राधिकरणका प्रतिनिधिहरु तथा आज उपस्थिती सम्पूर्ण तपाई विशेष पाहुनाहरुलाई एकमुष्टरुपमा धनयवाद ज्ञापन गर्न चाहन्छु । टाइटल स्पोन्सरकोरुपमा सहयोग गर्नुहुने रिलायबल लाईफ, पार्वडबाईकारुपमा सहयोग गर्नुहुने फोनपे, सन् नेपाल लाईफ र सूर्यज्योती लाईफ इन्स्योरेन्सलाई समेत

विशेष धन्यवाद । यस्तै, सम्पूर्ण प्रायोजकहरुलाई पनि धन्वयाद दिन चाहन्छु । धन्यवाद